# मध्य राप्ती जलाधारको संरक्षणको लागि चाल्नुपर्ने आगामी कदमहरू

मध्य राप्ती जलाधारको भावी कार्यदिशाको सन्दर्भमा, स्थानीय जनप्रतिनिधि, सरकारी अधिकारीदेखि स्थानीय व्यवसायीलगायत स्थानीय वासिन्दाले यी सुझावहरूको तर्जुमा गरेका हुन, जसले विभिन्न दृष्टिकोणको प्रतिनिधित्व गर्दछ । त्यस अर्थमा, यी कार्य तथा प्रतिवद्धताले मध्य राप्ती जलाधारको वातावरणीय विषयहरूलाई सम्बोधन गर्ने प्रयत्न गरेको छ जसले जलाधारमा अवस्थित सबै समूहहरूका लागि समाधानउन्मुख र सुधारउन्मुख  उपायहरू प्रदान गर्ने छ ।

| समस्या | कार्य/सुझाव |
| --- | --- |
| बाढी, पहिरो, र नदी कटान | • भिरालो ठाउँ तथा नदी किनारमा कम लागतमानिर्माण  गरिने स्थिरिकरणका विधिहरुसिकाउन  तालिम तथा सहयोग गर्ने,<br>• पानीकोभेल र अनियन्त्रित वहावहरु नियन्त्रणे सहयोग प्रदान गर्ने,<br>• डढेलो तथा खुला चरणक्षेत्र  नियन्त्रण र यी विषयको बाढी तथा पहिरोसँगको सम्बन्धका बारेमा सचेतना फैलाउने,<br>• मध्य राप्तीमा रहेको विद्यमान पूर्व सुचनाप्रणालीलाई बलियो बनाउने,<br>• धारा र चपी निर्माण गर्ने,<br>• बाढी नियन्त्रणका लागि सिमसार क्षेत्रको संरक्षण गर्ने,<br>• रेडियो तथा छापा माध्यमबाट जलाधार क्षेत्र व्यवस्थापनका असल अभ्यासहरूको बारेमा सूचित गराउने,<br>• विपद् तयारी र प्रतिकार्य योजना र स्थानीय विपद् जोखिम व्यवस्थापन योजनालाई लागू गर्ने, र<br>• बाढी प्रभावित र अन्य जोखिमपूर्ण स्थानमा भएका बस्ती तथा पूर्वाधार (जस्तैः आश्रयस्थल, धारा)लाई उठाउने वा सुरक्षित स्थानमा सार्ने वा नयाँ बनाउँदा सुरक्षित ठाउँमा बनाउने । |
| माछाको  घट्दो संख्या र जथाभाविरुपमा माछा मार्ने अभ्यास | • नदीको उपभोग र संरक्षणमा अपनाउनु पर्ने दिगोपन र सहकार्य जस्ता सवालहरुमा छलफल गर्न मछवार समूह गठन गर्ने,<br>• माछाको प्रयोग र संरक्षणका विषयमा प्रादेशिक  निकायसँग (स्थापना भएसँगै) छलफलको शुरुवात गर्ने,<br>• परम्परागत रूपमा माछा मार्ने समुदायको लागि पर्यापर्यटनलाई वैकल्पिक जीविकोपार्जनको विकल्पको रूपमा स्थापित गर्ने,<br>• विनाशकारी रूपमा माछा मार्ने तौरतरिकविरुद्ध लड्न समुदायमा आधारित माछा संरक्षण समहहरु गठन र संचालन गर्ने, र<br>• जलीय जैविक विविधताको अनुगमन गर्न तथा अत्यधिक माछा मार्ने प्रवृत्तिलाई घटाउन वन उपोभोक्ता समूहको क्षमता विकास गर्ने |
| पानीको मुहान सुक्ने समस्या | • वृक्षारोपण तथा प्राकृतिक पुर्नउत्थानमार्फत् गुमेको वन क्षेत्र पुनर्स्थापना गर्ने,<br>• वर्षाको पानी संकलन गर्ने ट्याङ्की तथा रिचार्ज पोखरीहरू  जस्ता वर्षाको पानी संकलन गर्ने प्रणालीको विकास गर्ने,<br>• भूक्षय नियन्त्रणलाई प्रभावकारी बनाउन, र<br>• पानीको प्रयोग नीतिमा सचेतना कार्यक्रम सञ्चालन गर्ने । |



USAID
FROM THE AMERICAN PEOPLE

युएसएड पानी परियोजना

# मध्य राप्ती जलाधार

## जलधारको संक्षिप्त पार्श्वचित्र

### सामुदायिक परिकल्पना:

सामाजिक न्याय, दिगो व्यवस्थापन र विविधता सहितको प्रयोगको प्रतिवद्धतासहित जैविक विविधता र प्राकृतिक स्रोतको संरक्षणमार्फत समृद्धि ल्याउने गरी मध्य राप्ती जलाधार क्षेत्रको अर्थतन्त्रको विकास गर्ने ।







# मध्य राप्ति जलाधार

मध्य राप्ती जलाधार क्षेत्रले विविध भू–भागलाई समेट्छ जसमा नेपालको दक्षिणमा पर्ने भारतीय सीमानाको २०० मिटर क्षेत्रदेखि उत्तरमा १००० मिटर क्षेत्रमा पर्ने शिवालिक श्रृंखलाहरू पर्छन् । ती पहाडहरू बलौटे माटो, खरिढुङ्गा र पत्रेचट्टान मिलेर बनेका छन् । ठूलो क्षेत्र वनले ढाकेको भए पनि ती क्षेत्रका जमीन कमजोर प्रकृतिका छन् जसलाई नदी वा खोलाले सहजै बगाएर लैजान सक्छन् ।

राप्ती नदी प्युठान जिल्लाको गौमुखी र नौवाहिनीबाट शुरु भएको छ जसको उचाइ ३००० मिटर रहेको छ र झिमरुक जलाधार क्षेत्रमा पुगेर मध्य राप्तीमा मिसिन्छ । यो नदी अन्य धेरै सहायक नदीहरू मिसिएर बनेको छ जसले आफ्नो धार पटक–पटक फेरिरहन्छ जसको कारणले बर्सेनि बाढी आइरहन्छ ।

जनसंख्याको ५३ प्रतिशत मानिसहरू जीविकोपार्जनको लागि कृषिमा निर्भर छन् भने २२ प्रतिशतले श्रममा आधारित पेशा गर्ने बताएका छन्, ५ प्रतिशतले भने बजार तथा खुद्रा पसलहरूमा काम गर्ने बताएका छन्  । जनसंख्याको ४ प्रतिशत सेवा उद्योगमा काम गर्छन् भने ३ प्रतिशतले पशुपालन गर्ने गरेका छन् । नेपालका धेरै क्षेत्रहरूमा जस्तै शहरी क्षेत्रमा बसाइँसराइ तथा अन्य देशहरूमा कामको लागि जाने क्रम पनि यहाँ रहेको देख्न सकिन्छ । यसमा विशेषगरी युवापुस्ता धेरै रहेका छन् । घरधुरी सर्वेक्षणका अनुसार ६.२ प्रतिशत मानिसहरूले कामको लागि गाउँ छोडेका छन् ।

यस जलाधार क्षेत्रको मुख्य उर्वर बेसी देउखुरी उपत्यका हो जुन क्षेत्र कृषि उब्जनीको लागि मात्र नभएर तीव्र जनसंख्या बढिरहेको ठाउँको रूपमा पनि चिनिन्छ । रोल्पा, रुकुम, अर्घाखाँची र गुल्मी जस्ता जिल्लाहरूबाट उल्लेख्य मात्रामा यस उपत्यकामा बसाइँसराइ भएको पाइन्छ । त्यसको कारणले यहाँ भएका जमीन, नदी र वन क्षेत्रमा धेरै दबाब परेको पाइन्छ ।

मध्य राप्तीको अहिलेको मुख्य चिन्ताको विषय भनेको अत्याधिक मात्रामा माछा मार्ने प्रवृत्ति हो । परम्परागत रूपमा माझीहरूले माछा मार्ने तौरतरिकालाई नयाँ व्यावसायिक माछा मार्ने प्रवृत्तिले विस्थापित गर्दै लगेको छ । माछा मार्ने तरिकामा आएको परिवर्तनले गर्दा बिष, बम र करेन्ट जस्ता बिनाशकारी माछा मार्ने बिधिहरुको प्रयोग हुँदै आएको छ ।


## संख्यामा मध्य राप्ती

| | |
| --- | --- |
| नदि क्षेत्र | मध्य राप्ती |
| प्रदेश | प्रदेश छ |
| जम्मा जलाधार क्षेत्र | ४५६.४ वर्ग किलोमिटर |
| खोलाको संख्या | ४७ |
| मुख्य नदीहरू | राप्ती, अर्जुन, खाभरी, गुरुङ, सुपाइला, दोलाइ, काक्राहवा, सिक्राहवा, नाती, कौदिय, हर्नाहवा |
| ताल तथा सिमसार क्षेत्र | जाखेरा |
| जमीन ओगटेको क्षेत्र | वन ६१ प्रतिशत, कृषियोग्य जमीन ३० प्रतिशत, नदी ८ प्रतिशत चरण क्षेत्र १ प्रतिशतभन्दा कम |
| नगरपालिका | लमही |
| गाउँपालिकाहरू | राप्ती, गढहवा, राजपुर |
| जनसंख्या | ९४,२४१ (४८ प्रतिशत पुरुष, ५२ प्रतिशत महिला) (केन्द्रीय तथ्यांक विभाग) |
| जातीय समूहहरू | बाहुन/क्षत्री/ठकुरी २० प्रतिशत, जनजाती ६६ प्रतिशत (५५ प्रतिशत थारु), दलित ६ प्रतिशत, अन्य ७ प्रतिशत |

# मध्य राप्ती
# जलाधारको स्थलगत नक्सा

River Basin: Karnali


Watershed Code: 331







## मध्य राप्ती जलाधार क्षेत्रका वातावरणीय सवालहरु

पानी परियोजनाले सहयोग गरेको बहु–सरोकार संलग्न कार्यशालामा सहभागी भएका जलाधारका सरोकारवालाहरूले पहिचान गरेका वातावरणीय सवालहरू यस नक्शामा राखिएका छन् । यस्ता सवालहरू र समस्याहरू व्याप्त रहेको क्षेत्रहरूको पहिचान गरेर स्वच्छ पानी, सुदृढ जैविक विविधता तथा प्राकृतिक स्रोतको दिगो प्रयोगको सुनिश्चितताका लागि स्थानीय सरकार तथा निर्वाचन क्षेत्रहरूले यी जानकारीको प्रयोग गर्दै अल्प तथा दीर्घकालीन योजनाहरूको तर्जुमा गर्नेछन् भन्ने विश्वास लिइएको छ ।




## मध्य राप्ती जलाधारको जलिय जैविक विविधतामा देखिएका जोखिमहरु

यस जलीय जैविक विविधता नक्सा विभिन्न सरोकारवालाहरूको सहयोगमा विकास गरिएको हो । यी सरोकारवालाहरूले जलचरको वासस्थान तथा जैविक विविधतासँग सम्बन्धित स्थानहरूको पहिचान गर्न तथा स्थानविशेषका आधारमा चुनौतीहरू पहिचान गर्न सहयोग गरेका थिए । सन्दर्भ नक्साको सिर्जना गर्न जिआइएस तथा स्थलगत अध्ययनबाट आएका तथ्याङ्कलाई समायोजन गरिएको यस्तो प्रकारको नक्साले जलिय जैविक विविधता संरक्षण गर्नका लागि प्रभावकारी रणनीतिको तर्जुमा गर्न सहयोग पुग्नेछ ।






# मध्य राप्ती जलाधारको स्वास्थ्य सूचकहरुको - सारसंक्षेप

यस जलाधार स्वास्थ्य विवरणले बहु–सरोकारवालाहरूसँग गरिएको परामर्श प्रक्रियाबाट छनौट गरिएका पूर्व परिभाषित सूचकहरूका आधारमा जलाधारको अवस्थालाई गरिएको मापनलाई देखाउँछ । यी सूचकहरूले मध्य राप्ती जलाधार क्षेत्रको हालको स्वास्थ्य स्थितिलाई समेत दर्शाउँछ । जलाधारले भोगिरहेका जोखिम तथा चुनौती र प्राप्त अवसरलाई प्रस्तुत गर्न रङ्गको कोडको प्रयोग गरिएको छ ।

### जलाधारको स्वास्थ्य अवस्थाहरु

राम्रो | ठिकै | नराम्रो

| | |
|---|---|
| सुशासन एवं समानता | लाभको बाँडफांडमा समतामूलक पहुँच; नीतिगत प्रावधानको पालना; महिला, सीमान्तकृत वर्गको निर्णायक पदमा पहुँच; प्रकृतिक श्रोत द्वन्द व्यवस्थापन; स्थानीय निकायहरुबीच समन्वय; श्रोतसाधन व्यवस्थापन समुहमा सकृयता |
| पूर्वाधार र प्रायोगिक भू-सम्पदाहरुको दिगोपना | गिट्टी बालुवा उत्खानन; ग्रामीण सडक; सिंचाई |
| जलवायु उत्थानशीलता तथा प्रकोप जोखिम न्यूनिकरण | असल अभ्यास अनुशरण |
| जैविक विविधता र वासस्थान | मिचाहा प्रजाती; घरेलु सरसफाइ; भू उपयोग; माछा मार्ने अभ्यास; प्रजाति विविधता; माछाको परिमाण; फोहोर व्यवस्थापन |
| पानी | पानीमा पहुँच; पानीको उपलब्धता; पानीको गुणस्तर |